# सिगास गाउँपालिकाको मदिरा बिक्री वितरण, व्यवस्थापन तथा नियमन निर्देशिका, २०७९

कार्यपालिकामा पेश गरिएको मितिः २०७९।०३।०९

**प्रस्तावनाः**

यस सिगास गाउँपालिका क्षेत्रभित्र मदिरा सेवन, उत्पादन, बिक्री वितरणमा नियन्त्रण गरी मदिरा निशेध क्षेत्र, पूर्ण बन्देज बनाउने लक्ष्य हाँसिल गर्न क्रमशः व्यवस्थित विधिसम्मत र नियमन गर्न आवश्यक देखिएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम सिगास गाउँ कार्यपालिकाले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद- १

**१. प्रारम्भिकः**

(१) यो निर्देशिकाको नाम "सिगास गाउँपालिकाको मदिरा बिक्री वितरण, व्यवस्थापन तथा नियमन निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ

(ख) “गाउँपालिका” भन्नाले सिगास गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले सिगास गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) “कार्यालय” भन्नाले सिगास गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) “मदिरा” भन्नाले फलफुल वा अन्न कुहाई वा अन्य कुनै तरिकाले तयार पारिएको विदेशी वा दर्ता भएको कुनै निश्चित फर्म वा कम्पनीबाट उत्पादित स्वदेशी सबै किसिमको मदिरा र बियर समेतलाई जनाउँछ ।

(च) “थोक बिक्रेता” भन्नाले सिगास गाउँपालिका भित्र मदिराको थोक बिक्री गर्ने अनुमती प्राप्त बिक्रेतालाई सम्झनु पर्दछ ।

(छ) “होटल” भन्नाले भोजन खानपिनको प्रबन्ध भई बसोबासको सुविधा दिने वा नदिने गरी व्यवसायिक आधारमा चलाइएको होटल सम्झनु पर्दछ र सो शब्दले रेष्टुरां समेतलाई जनाउँछ ।

(ज) “सभा” भन्नाले सिगास गाउँपालिकाको सभालाई सम्झनु पर्दछ ।

(झ) “अध्यक्ष” भन्नाले सिगास गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(ञ) “उपाध्यक्ष” भन्नाले सिगास गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ट) “प्रमुख” प्रशासकीय अधिकृत भन्नाले गाउँ कार्यपालिकाको कार्यालयको कर्मचारीको प्रमुख अधिकृतको रुपमा काम गर्न खटाइएको अधिकृतलाई सम्झनु पर्दछ ।

(ठ) “वडा अध्यक्ष” भन्नाले तत वडाबाट निर्वाचित वडा अध्यक्ष सम्झनु पर्दछ ।

(ड) “सचिव” भन्नाले सिगास गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ । वडाको हकमा सम्बन्धित वडा सचिवलाई सम्झनु पर्दछ ।

(ढ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले गाउँपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ण) “समिति” भन्नाले प्रत्येक वडामा गठित वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(त) “मूल समिति” भन्नाले सिगास गाउँपालिकामा गठित सिगास गाउँपालिका मदिरा विक्री, वितरण, व्यवस्थापन तथा नियमन समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेदः- २

## समिति गठन सम्बन्धी व्यवस्था

३. **मूल समिति गठनः** मदिरा विक्री वितरणलाई व्यवस्थित गर्न देहायको मदिरा विक्री, वितरण, व्यवस्थापन तथा नियमन मूल समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | -संयोजक |
| (ख) वडा अध्यक्षहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकेका ५ जना | -सदस्य |
| (ग) प्रहरी चौकी प्रमुख वा निजले तोकेको प्रहरी | -सदस्य |
| (घ) होटेल व्यवसायीहरुको छाता संगठनको अध्यक्ष | -सदस्य |
| (ङ) मदिरा नियन्त्रण सम्बन्धी कार्यरत नागरिक संघ, संस्था, आमा समूहबाट (१ जनामहिला सहित) गाउँ कार्यपालिकाले तोकेका ३ जना | -सदस्य |
| (च) स्थानीय उद्योग वाणिज्य संघको अध्यक्ष | -सदस्य |
| (छ) स्थानीय मदिरा व्यवसाय समितिको अध्यक्ष | -सदस्य |
| (ज) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | -सदस्य सचिव |

४. **मूल समितिको काम, कर्तव्य र अधिकारः** मूल समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) मदिरा पूर्ण निशेधित क्षेत्र घोषणा गर्ने लक्ष्य पुरा गर्न मदिराको बिक्री वितरणलाई व्यवस्थित गरी गाउँपालिका क्षेत्र भित्र हुने बिकृति विसंगतीलाई रोक्न आवश्यक कार्य गर्ने गराउने ।

(ख) वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

(ग) मदिराको बिक्री वितरण र व्यवस्थापन तथा नियमन गर्ने यस निर्देशिकालाई कडाईका साथ लागू गर्ने गराउने ।

(घ) यो निर्देशिका विपरित मदिरा विक्री वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने, गर्न लगाउने ।

(ङ) मदिरा बिक्री, वितरण, व्यवस्थापन र नियमनलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गराउने ।

५. **वडा स्तरीय समिति गठनः** मदिराको बिक्री वितरणलाई व्यवस्थित गर्न प्रत्येक वडामा देहाय बमोजिम वडा स्तरीय मदिरा व्यवस्थापन समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य | -संयोजक |
| (ख) सम्बन्धित वडाका वडा सदस्यहरु | -सदस्य |
| (ग) वडा प्रहरी कार्यालयको इन्चार्ज वा निजले तोकेको प्रहरी कर्मचारी | -सदस्य |
| (घ) व्यवसायी मध्येबाट संयोजकले छनौट गरेको १ जना | -सदस्य |
| (ङ) सम्बन्धित वडाका टोल विकास संस्थाहरुको अध्यक्षहरु मध्ये संयोजकले तोकेको १ जना महिला सहित ३ जना | -सदस्य |
| (च) सम्बन्धित वडाका नागरिक संगठन संघ, संस्था, आमा समूहको प्रतिनिधि वडा अध्यक्षले तोकेको व्यक्ति/युवा क्लवको प्रतिनिधि १/१ जना | -सदस्य |
| (छ) सम्बन्धित वडाको वडा सचिव | -सदस्य सचिव |

६. **वडा स्तरीय मदिरा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** वडा स्तरीय मदिरा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वडामा यस निर्देशिका बमोजिम मदिरा बिक्री वितरण सेवन भएको छ, छैन सोको अनुगमन गर्ने र सोको जानकारी मूल समितिलाई दिने ।

(ख) यस निर्देशिका बमोजिम मदिराको बिक्री वितरण र सेवनलाई व्यवस्थित गर्न प्रभावकारी कार्यान्वयन गर्ने ।

(ग) यस निर्देशिकाको पालन नगर्नेलाई यस निर्देशिका बमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सोको जानकारी मूल समितिलाई दिने ।

(घ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने, गराउने ।

(ङ) आफ्नो वडालाई मदिरा निशेधित क्षेत्र घोषणा गर्न क्रमशः मदिरा विक्री वितरण, ओसार-पसार र सेवनलाई निरुत्साहित गर्दै लग्ने कार्यनीति अपनाउने ।

## परिच्छेद ३

## मदिरा व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

७. **गाउँपालिका स्तरीय कोषको व्यवस्थाः** यस निर्देशिका विपरित मदिरा विक्री वितरण तथा सेवन गर्ने व्यक्ति तथा फर्मबाट यस निर्देशिका बमोजिम उठेको जरिवना रकमको ३० प्रतिशत वडा समितिमा, २० प्रतिशत प्रहरी प्रशासन र ५० प्रतिशत मूल समितिको बैंकमा खाता खोली छुट्टै कोष स्थापना गरिनेछ ।

(१) मदिरा व्यवस्थापन कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ ।

(२) वडा स्तरीय मदिरा व्यवस्थापन समितिले जरिवनाबाट उठाएको रकम यसै कोषमा दाखिला गर्नु पर्नेछ ।

(३) मदिरा नियन्त्रणको क्रममा प्राप्त हुने जुनसुकै रकम पनि यस कोषमा जम्मा गरिनेछ ।

८. **कोषको रकम खर्च व्यवस्था गाउँपालिकाको निर्णय अनुसार देहाय बमोजिम खर्च गरिनेछ ।**

(१) आर्थिक अभावका कारण उपचार गर्न असमर्थ भएका व्यक्तिहरुलाई आर्थिक सहयोग गर्ने ।

(२) घरेलु हिंसामा परेका महिलाहरुलाई आवश्यक जीविकोपार्जनका लागि आवश्यक सहयोग गर्ने ।

(३) बेवारिसे व्यक्तिहरु मरी लास सदगद गर्नु परेमा आवश्यक खर्च गर्ने ।

(४) गाउँपालिकाले उचित ठहर्‍याएको अन्य सामाजिक सेवामा खर्च गर्ने ।

(५) मदिरा सेवन विरुद्धको जनचेतनामूलक कार्यक्रमहरुमा फलदायी खालका कार्यक्रमहरु संचालन गर्ने ।

(६) वडालाई प्राप्त हुने ३० प्रतिशत रकम सम्बन्धित वडा कार्यालयको सिफारिस अनुसार गाउँ कार्यपालिकाले आवश्यकता हेरी खर्च गर्ने ।

(७) प्रहरी प्रशासनलाई प्राप्त हुने २० प्रतिशत रकम इलाका प्रहरी कार्यालय, वडा प्रहरी कार्यालयहरुलाई कार्यालय संचालनका लागि खर्च गर्ने ।

## परिच्छेद- ४

## मदिराको विक्री, वितरण, व्यवस्थापन र नियमन सम्बन्धी व्यवस्थाः

९. **मदिरा नियन्त्रण उन्मुख व्यवस्थाः** मदिरा बिक्री वितरण गर्दा समाजमा शान्ति सुव्यवस्था अमन चयन नखल्वलिने, घरेलु हिंसा, समाजमा झै-झगडा नहुने र शान्ति कायम हुने गरी मात्र गर्ने पर्नेछ ।

(क) थोक बिक्रेताले बिहान ८ बजेदेखि बेलुकी ७ बजेसम्म, खुद्रा बिक्रेताले बिहान ९ बजेदेखि बेलुकी ८ बजेसम्म र विर्को खोली मदिरा व्यवसाय गर्नेले बेलुका ६ बजेदेखि रात्री १० बजेसम्म बेचबिखन गर्न पाइनेछ ।

(ख) गाउँपालिकाले मुख्य बजार क्षेत्र तोकिएका स्थान बाहेक सार्वजनिक स्थान, विद्यालय, स्वास्थ्य संस्था, मन्दिर जस्ता धार्मिक तथा सामाजिक महत्त्वका स्थानका साथै सार्वजनिक मेला, जात्रा, महोत्सव, विवाह, व्रतबन्ध आदि समारोह हुने स्थानबाट २०० मिटरभित्र बेचबिखन गर्न पाईने छैन ।

(ग) मदिरा बिक्री वितरणको कारोबार अनुमति लिएकाहरुले मदिरा बाहेक सोही ठाउँमा अन्य व्यवसायको कारोबार गर्न पाउने छैन ।

(घ) किराना, खाद्यान्न, तरकारी, औषधी, मासु, कपडा, फलफुल लगायतका कुने पनि पसलबाट मदिरा बिक्री वितरण गर्न पाईने छैन ।

(ङ) होटेल रेष्टुरेन्टले मदिरा प्रत्यक्ष बाहिर देखिने गरि प्रदर्शन गर्न पाईने छैन ।

(च) मदिराको स्वीकृति लिएका होटेलहरुमा खाना, वास क्षेत्र बाहेक मदिरा सेवन रेष्टुरेन्ट अलगै हुनु पर्नेछ ।

(छ) १८ वर्षभन्दा मुनिका व्यक्तिलाई मदिरा बिक्री वितरण र ओसार-पसार गर्न गराउन पाउने छैन ।

**१०. कारबाही सम्बन्धी व्यवस्थाः**

(१) यो निर्देशिका विपरित मदिरा बिक्री वितरण गरेमा देहाय बमोजिम जरिवाना गरिनेछ ।

(क) पहिलो पटक रु. ५,०००/-

(ख) दोश्रो पटक रु. १०,०००/-

(ग) तेश्रो पटक रु. २०,०००/-

(घ) सो भन्दा बढी पटक भएमा इजाजत पत्र खारेज गर्न सम्बन्धित नियकामा सिफारिस गरिनेछ ।

(२) माथि उल्लेखित मदिरा विक्रेताहरुले आफ्नो कारोबार निर्देशिका बमोजिम विक्री वितरण नगरेमा यस निर्देशिका बमोजिम कारवाही गरिनेछ ।

(३) घरेलु मदिरा विक्री वितरण गरेमा उपदफा (१) बमोजिम जरिवाना गरिनेछ ।

(४) दफा ९ बमोजिम तोकिएको समयभन्दा अरु समयमा मदिरा विक्री वितरण गर्ने व्यक्ति वा फर्महरुलाई उपदफा (१) बमोजिम जरिवाना गरिनेछ ।

(५) यो निर्देशिका विपरित मदिरा सेवन गरी समाजमा शान्ति सुव्यवस्था अमन चयन खल्बल्याउने, चाडपर्व, विवाह, जात्रा तथा दिउँसो मदिरा मदिरा सेवन गरी हो-हल्ला, झै-झगडा गर्ने व्यक्तिलाई देहाय बमोजिम जरिवाना गरिनेछ ।

(क) पहिलो पटक रु. ५,०००/-

(ख) दोश्रो पटक रु. १०,०००/-

(ग) तेश्रो पटक रु. २०,०००/-

(घ) सो भन्दा बढी पटक भएमा प्रत्येक पटक रु. २५,००० ।

(६) यो निर्देशिका विपरित सार्वजनिक पद धारण गरेको व्यक्तिले मदिरा बेचबिखन वा सेवन गरेमा दफा १० को उपदफा (१) र (५) मा तोकिएको जरिवानामा दोव्वर जरिवाना र प्रचलित नियमानुसार विभागी कारवाही गरिनेछ ।

(७) प्रचलित कानूनको वर्खिलाप अवैध मदिरा ओसार-पसार गर्ने सवारी साधन जफत गरी कानून बमोजिम कारवाही गरिनेछ ।

(८) यदि कुनै व्यक्तिले दफा १० को उपदफा (१) र (५) बमोजिमको जरिवाना तिर्न अटेर गरेमा प्रहरी प्रशासनको सहयोगबाट असुल उपर गरिनेछ र निजलाई वडा कार्यालय तथा गाउँपालिकाबाट प्राप्त सेवा सुविधा रोक्का गरिनेछ ।

**११. अनुमति लिने कार्यविधिः** यस कार्यविधिको मुख्य लक्ष्य सिगास गाउँपालिका क्षेत्रभित्र मदिरा पूर्ण निषेधित गर्नु हुनेछ । प्रचलित सङ्घीय एवम् प्रदेश कानूनले मदिरा निषेध गर्ने अधिकार नदिँदासम्मको हकमा मदिरा सेवन, बेचबिखन तथा ओसार-पसार गर्ने व्यवशाय संचालन गर्न इच्छुक व्यक्तिले अनुमतिका लागि देहाय बमोजिमको प्रक्रिया अवलम्वन गर्नु गराउनु पर्नेछ ।

(१) मदिरा थोक, फुटकर वा विर्को खोली बेचबिखन वा ओसार-पसार गर्ने व्यवशाय गर्न इच्छुक नेपाली नागरिकले निम्न कागजात सहित हस्तलिखित निवेदन वडा कार्यालयमा दिनु पर्नेछः

- ➢ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- ➢ जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी
- ➢ घर जग्गाधनीसँगको सम्झौता
- ➢ चार किल्ला प्रमाणित
- ➢ नजिकमा रहेको सार्वजनिक संस्थाहरुको सिफारिस वा अनुमति
- ➢ निवेदन दस्तुर तिरेको रसिद ।

(२) वडा समितिले मदिरा व्यवसायको लागि सिफारिस गर्दा अनिवार्य रुपले टोल विकास संस्थाको सिफारिस, आमा समूहको सिफारिस, तथा सर्जिमिन मुचुल्का पेश गर्नुपर्नेछ ।

(३) वडा कार्यालयको सिफारिसको आधारमा आर्थिक ऐनले तोके बमोजिमको आगामी ५ वर्षको एकमुस्ट व्यवसाय कर र सिफारिस दस्तुर लिई गाउँ कार्यपालिकाको कार्यालयले स्वीकृति दिएमा मात्र अनुमति प्रदान हुने व्यवस्था गरिनेछ ।

**१२. अनुमति नविकरणको हकमाः**

(१) वडा कार्यालयको सिफारिसको आधारमा यस गाउँपालिकाले सिफारिस गरेमा मात्र आन्तरिक राजश्व कार्यालयले नविकरण गर्ने व्यवस्था मिलाउने ।

(२) आवश्यक पहल र सहयोगका लागि जिल्ला प्रशासन कार्यालय, बैतडी, जिल्ला प्रहरी कार्यालय, बैतडी, घरेलु तथा साना उद्योग विकास समिति बैतडी, कोष तथा लेखा नियन्त्रण कार्यालय, बैतडी र आन्तरिक राजश्व कार्यालयमा पठाउने व्यवस्था मिलाउने ।

(३) गाउँपालिकाको आर्थिक ऐनमा तोके बमोजिमको वार्षिक व्यवसाय कर बुझाएको र नविकरण दस्तुर तिरेको रसिद पेश गर्नुपर्नेछ ।

१३. यो निर्देशिकालाई पूर्ण रुपले पालन गर्नु गराउनु प्रत्येक गाउँपालिकाका नागरिकको कर्तव्य हुनेछ ।

१४. यो निर्देशिका लागू भए लगत्तै सर्वसाधारणको जानकारीका लागि सबै वडा कार्यालयहरु, सार्वजनिक स्थानहरु तथा गाउँपालिकाको कार्यालयको सूचना पाटी तथा कार्यालयको वेवसाईटमा राखिनेछ ।

१५. यस निर्देशिकाको कार्यान्वयन गर्न गाउँपालिकाले अन्य उपयुक्त आदेशहरु जारी गर्न सक्नेछ ।

१६. मदिरा बिक्री वितरण व्यवस्थापन तथा नियमनका लागि गाउँपालिकाले आवश्यकता अनुसार कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

१७. यस निर्देशिकाको पालना गर्न गराउन सम्बन्धित निकायहरुलाई अनुरोध गरिनेछ ।

**१८. खारेजी तथा बचाउः**

(१) "सिगास गाउँपालिकाको मदिरा विक्री, वितरण, व्यवस्थापन तथा नियमन निर्देशिका, २०७५" खारेज गरिएको छ ।

(२) "सिगास गाउँपालिकाको मदिरा विक्री, वितरण, व्यवस्थापन तथा नियमन निर्देशिका, २०७५" बमोजिम भए गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भएको गरेको मानिनेछ ।

आज्ञाले
कविन्द्र प्रसाद औझा
प्रमुख प्रशासकीय अधिकृत